# विजयका बाँसुरी

## खण्ड काव्य




ऋषिराम न्यौपाने

# विजयका बाँसुरी

(खण्ड काव्य)

ऋषिराम न्यौपाने

किताबको नामः– विजयका बाँसुरी

लेख्नेः– ऋषिराम न्यौपाने

अक्षर सारिदिनेः– केशव न्यौपाने

पहिलो पटक सुन्नेः– जानकी न्यौपाने, शान्ता न्यौपाने,
गीता पोखरेल, रीता नेपाल

छपाउनेः– न्यौपाने प्रकाशन, ललितपुर, चापागाउँ
पो. ब. नं. ११९, ललितपुर, फोन नं.

अक्षर केलाउनेः– केदार नाथ न्यौपाने

छाप्नेः– लुष प्रेस, नयाँ बानेश्वर,
फोन नं. ४–७३५८६

थानः– नौ सय उनान्सय (९९९)

प्रकाशन मितिः– २०५३ साउन १५ गते

संस्करणः– पहिलो

मोलः– चौध रुपियाँ चानचून मात्र
(१४/९९ सुपथ मूल्य)



सर्वाधिकारः– आराधना न्यौपाने, उपासना न्यौपाने,
अनल न्यौपाने


समर्पणः– मुक्तिका योद्धालाई

# यसभित्र

कवि ऋषिराम न्यौपानेज्यूले यस काव्यमा ओकल्नुभएका कुराहरू राम्रा टोठलाग्दा छन् । अरू काव्यमा झैं यसमा पनि लयबद्ध छन्द, अलङ्कार, उपमाहरू मीठा छन् ।

क्रान्ति गर्नेले सित्तैमा सम्झौता गरेको देख्दा उहाँलाई साह्रै दुःख लागेर आउँछ र उहाँ भन्नुहुन्छ:-

'सम्झौताले मुलुक थलियो लाटिए हातगोडा'

अब यसरी हुँदैन, सङ्घर्ष गर्नुपर्छ र त्यस्तो सङ्घर्ष कहिलेसम्म चल्छ चलाउनु पर्छ, उहाँ यसरी संकेत दिनुहुन्छ:-

'विश्वै खाने सलह नढलुञ्जेल सङ्घर्ष चल्छ'

क्रान्ति एक्लैले गरिंदैन भन्ने कुरालाई राम्रोसँग मनन गरेर नवयुवकतर्फ औंल्याउँदै हुनुहुन्छ न्यौपानेज्यू:-

'एकै एकै स्वर र लयले शत्रुलाई थिर्दौं न'...

...'हत्याराका अब महलमा मायमा हान्नुपर्छ'

अनि देश कसरी बन्छ:-

'चोखो आत्मा रगत पसिना अर्पिए देश बन्छ'

यस्तै यस्ता विद्रोहका झनकहरू यसभित्र छन् भन्ने कुरा मैले बुझें । समग्रमा भन्नुपर्दा किसान मजदूरहरूले यो काव्य अति सजिलैसँग बुझ्न गाह्रै छ । शिक्षित समुदायले कति रुचाउनुहुन्छ भविष्यमा देखापर्ने कुरा भयो । त्यस्तो दमको रोगको डोको बोकेर पनि यस्तो लेखनमा जाँगर लगाउनु भएकोमा न्यौपानेज्यूलाई पचास मुरी धन्यवाद दिन्छु र फेरि भन्छु– तपाईंको उत्साहलाई मेरो धेरै धेरै शुभ–कामना छ ।

मिचाहा डाँडेहरूलाई सम्झाइदिनुहोला आज जनताको जमाना छ:-

'हँसे होष्टे सब मिलि गरे जेसुकै काम बन्छ'

केवलपुरे किसान

असार ५, २०५३ सितापाइला

# आफ्नै कुरा

यस काव्यमा समाविष्ट 'लाल सलाम' शीर्षकको कविता २०४७ जेठ ९ गते लेखेको थिएँ, जुन जङ्गव चौहानद्वारा सम्पादित शहीद/कविता (कविता संग्रह) २०४७ मा समावेश भएको थियो ।

अरू शीर्षकका कविता २०५२।५।१२ गते यताका समय समयमा कोरिएका हुन् । ती सबैलाई बटुलबाटुल गर्दा यस रूपमा देखियो । 'नेपाल आमा !' प्र. ले. स. वर्ष ४, अङ्क ४, २०५३ मा प्रकाशित छ ।

महामना वरिष्ठ हास्य व्यंग्यकार वासुदेव लुइँटेलज्यूको सौजन्यताबाट लाली (खण्ड काव्य, २०५३) प्रकाशनमा आए झैं यो विजयका बाँसुरी देवीप्रसाद खतिवडा (सुनसरी इटहरी), गणेश कृष्ण रञ्जित (का. म. न. पा. ३४) र प्रेमप्रसाद पौडयाल (झापा चार आली) को सहयोगबाट प्रकाशनमा आएको छ । अत एव उहाँहरूको सौजन्यताको सम्मान गर्दै, आवरण पृष्ठ तयार गरिदिनुहुने कुलमान सिंह भण्डारी तथा फोटो उपलब्ध गराइदिने सोम शर्मा तथा श्रीमती मञ्जु शर्मालाई सम्झँदै मनमा लागेका कुरा कोरिदिनुहुने जनताका कवि केवलपुरे किसानज्यूमा हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

मिति: २०५३।४।७ ऋषिराम न्यौपाने

१

'आमा !' भन्दै कवि विरहका आँसुले ओठ धोई
धर्तीलाई विमल दिलका फूल राखेर छोई
माटो राखी शिरतिर सुँघो डुल्न लागे कलामा
डुल्दाडुल्दै ठहर मनका सल्बलाए गलामा

## लाल सलाम

"तानाशाही सघन वनमा बाघ गर्ज्यो अजङ्ग
हाँस्यो चुस्तै रगत मदले वज्र थाल्यो प्रचण्ड
नाच्यो कुल्ची विषम पदले मानवी टाउकामा
होली खेली नररुधिरका झुम्न लाग्यो सुरामा

जम्बूमन्त्री सुँगुर सुरिए श्याल सल्लाहकार
मौका कुर्ने कुकुर धुरिए फ्याउरा चाटुकार
मौकै छोपी अधम बघिनी चण्ड झन् वज्र थाली
वेश्या जस्ती रगत चुसुवा मस्त भै नाच्न लागी

फैले काला उडुस, उपियाँ, फैलँदा अन्धकार
स्रष्टा राम्रा कवि बहकिए उच्च साहित्यकार
उफ्रे उल्लू अजिङ्गरहरू गर्न पाई विलास
केही प्राणी विचलित भए सास फेरी निराश

कालो फाल्ने किरण कसिए घोर निद्रा चिरेर
शङ्का त्यागी जनबल उठे भाव ज्वाला लिएर
फुल्की भित्री किरण छरिए सत्वलाई अथाह
राख्छन् राम्रा अनल, जलका गर्भभित्रै प्रवाह

जुंघा पोल्ने तरखर गरे बाघको, ज्योति बाली
वर्षे गोली, बुट, सलह झैं काललाई अँगाली
छोडी मर्ने डर सकलले उच्च छाती फुलाए
जाँदा तारा अमर पथमा दिव्य आभा उदाए

छर्दै तातो रगत, पसिना चंकिए शुभ्र तारा
पायौं राम्रो सकल जनका निम्ति मर्ने इशारा
जाँदा तारा परम पदमा पारिलो घाम खुल्छ
ज्वाला डुल्दा जगत तलमा त्रासले बाघ रुन्छ

आभा पाई हृदय भरियो उच्च आए विचार
आमा हाँसिन् शिखर हरिया हाँस्न थाले हिमाल
काला धर्षा सकल दगुरे त्रासका गर्भबाट
नेपालीका शिर शिखर झैं खुल्न लागे ललाट

वाणी निस्के नयन मनका ज्योति उन्मुक्ति मन्त्र
पायौं केही हक गति खुला मार्ग रोज्दा स्वतन्त्र
काला कौवा, कुकुर डरले बन्न लागे उदास
खोल्सा-खाल्सी वन-शिखरमा फुल्न थाले गुराँस

तारा चम्के अतुल मनले लम्किए घाम आयो
घुम्ने रातो रगत चुसुवा बाघ पापी डरायो
झुल्का पर्दा किरणहरुका त्यागका मूर्त रूप
हुन्छन् आँखा सजल सबका वीर आत्मास्वरूप

निभ्ने छैनन् अनल मनका राष्ट्रका मुक्तिबीज
नेपालीका हृदयतलका अन्तरात्मा शहीद !
बस्ने छैनन् अनल डरले रातका तापभित्र
तिम्रा आस्था किरण रुरिला रुलमलाए पवित्र

हामी तिम्रै किरण कणका माझमा छौं डुलेका
तिम्रा इच्छा रहर मनका पूर्ण हुन्छन् खुलेका
सम्झी तातो रगत बघिनी बाघ गर्जे उठेर
धक्का दिन्छौं अब निडर भै बाघलाई जुटेर

घागो बाल्छौं अभय मनका छौं भएका सचेत
हुन्नन् कोही विकल जनता राख्तछन् पूर्ण चेत
धुन्छौं मैलो तिमिर तमको ज्योति तिम्रै सँगाली
दिन्छौं श्रद्धाञ्जलि जगत यो माथि माथि उचाली

हामी हुन्छौं सजग जगका वीर तारा जगाई
हुन्छन् मान्छे अमर मनले राष्ट्रलाई सजाई
हे त्यागात्मा ! धवल युगका ताम्र सक्ने लगाम
प्यारो श्रद्धाञ्जलि हृदयको होस् उज्यालो सलाम

अन्तर्यामी मणि हृदयका वीर योद्धा हिमाली
बत्ती बाल्ने गहन निशिमा हौ तिमी अंशुमाली
चंकेका छौ मन–जगतमा ज्योतिदाता तमाम
दिन्छन् श्रद्धाञ्जलि सहृदयी लाल मीठो सलाम"

२

तातो रातो दिवस नहुँदै किन्तु लाग्यो तुवाँलो
गर्भैभित्रै रहर तुहिए घाम लाग्यो भिरालो
भोका, प्यासा, विजय कविको गोठ खोजेर आए
पाई साथी, समय कविले अन्तरात्मा खुलाए

## दीप बालेर डुल्छन्

"सम्झौताले मुलुक थलियो लाटिए हात गोडा
भारू; पाउण्ड र डलरका ढाडिए ऊँट घोडा
हिन् हिन् गर्दै गरिबहरूका टाउका कुल्चिँदैछन्
अग्ला बूर्जा, जग महलका, बुर्जुवा अग्लिँदैछन्
खान्कीवाला खुरु खुरु उठे न्याय–इन्साफमारा
स्वार्थी भन्छन् "सब बश परून् विश्वका स्वर्णधारा"
गोडा पर्छन् पर मुलुकको लोकमारा विलासी
गर्छन् सोझा युवक, युवती, मूर्तिलाई निकासी
सीमा मिच्नेहरूसँग मिली राष्ट्रको घात गर्ने
सासै फेर्छन् अपच कुसिलो ठुस्स दुर्गन्ध छर्ने
काला खम्बा प्रतिगमनका पुज्दछन् मेघलाई
खान्छन् चल्ला टप टप टिपी काग गाला फुलाई

स्वर्ग ठान्ने सुँगुर गहिरो पाउँदाखेरि नाली
झन् मौलाए हरिप अहिले माकुरे जाल हाली
ठोक्छौ फूटो बिगुल, नगरा, गर्दछन् गोलमाल
स्वार्थी, लोभी, विषधर जुका बुर्जुवाका दलाल

बाई कालो मुख कपटका क्रोधका दाँत घस्तै
देशै निल्ने गमगम भए गोरुले घाँस जस्तै
पारी शाता पररर मुना कप्प पारे चपाई
मैमत्ताले रजगज गरे लौन कस्तो छकाई

छाला लुछ्ने छल र बलले घोर काँढा पलाए
छिर्के हान्नी मुटुतिर छुरा, क्रूर कैंची चलाए
हाम्रा साझा वन चरनमा दुश्मनै दौडिदैछन्
हीरा, मोतीमय महलका स्वर्णमा पौंडिदैछन्

अस्ताए झैं किन किन भए मेघका माझ तारा
कयालखानामा सब परिसके सिर्जनाका सितारा
उम्की आयौ विजय कसरी रात गाढा हुँदैछ !
दु:खी अन्तर्दिल, मुलुकको अन्तरात्मा रुँदैछ

के गर्नें खै ! भनन म ढली रुग्णशय्या छु कुर्दै
रोगीतर्फ मुखरित हुँदै आउँछन् भालु घुर्दै
सम्साँझैमा घरतिर पसी पातकी तीर रोप्छन्
थैलीवाला विकसित कला, कर्मका मार्ग रोक्छन्

स्वार्थी दुर्योधनहरू मिली देशलाई भुलाए
ताला मारी प्रगतिपथमा दुर्दशामा डुलाए
साथी ! आयौ तर समयमा निम्छरामा मुसार्दै
पारी छाती, कमर बलियो लेक, बेशी चहार्दै
तिम्रै लागे जय पनि सँगै भेल, जङ्गार तर्दै
लाग्थे जम्मै निधन जनता क्रान्तिमा शक्ति भर्दै
टेवा पाए शिथिल थिरिदै न्यायको बोल बोल्छन्
न्यायी पाए मति गति दिने मेघको लोक पोल्छन्
लागेका छौ विजय गतिलो क्रान्तिका साधनामा
मर्मै छामी मुलुकभरिको वीरका भावनामा
फाले खोलातिर विषघडा धर्ति आकाश खुल्छन्
धर्तीवासी विमल दिलका दीप बालेर डुल्छन्"

३

आशा गर्दै कवि विजयको हात तातो मुसारी
तीतो मीठो अनुभव अझै छर्न थाले फिजारी
"देशैलाई अबुझहरूले पार्न थाले थलामा
स्वार्थी गर्छन् अति मनपरी चर्किए रात लामा

**क्रान्तिमा छौ जुटेका**

चारैपट्टी कुचलन चले चोरको चक्रव्यूह
चोरी गर्ने असल गनिए तस्करीकै समूह
हाँगा हाली हलल लहरा स्वार्थका झाङ्गिदैछन्
शिक्षाकर्मी सहित, सुकिला सभ्यता नाङ्गिदैछन्

"लाटा नै छन् अरू सब यहाँ मै छु सम्पूर्ण जान्ने
सुन्ने गुन्ने पठित सबमा श्रेष्ठ आफैं" बखान्ने
क्रोधी राँगो सरह छ हुँदै विश्वसंहारकारी
काँढाधारी रूख र लहरा झाँगिए कण्टकारी

हेर्छन् आफ्नै हित कुजनले रक्तले ओठ धोई
ताप्छन् आगो अरू मुलुकको कुल्चिई देशलाई
पानी हस्तान्तरण गरियो आँत सुक्खा हुँदैछ
नेपालीको शिखर जलको मूल स्रोतै रुँदैछ

धिप् धिप् गर्दै दिनहुँ विजुली हुन्छ झ्याप्पै निभे झैं
छोरा छोरी निधन जनका जन्मदैमा निभे झैं
बाक्कै लाग्ने महसुल थपी झन् भए ढाड सेक्ने
गर्छन् लुच्चा कमसल कुरो घामको मार्ग रोक्ने

तुच्छो पाठ्यक्रम छ धमिलो छाप पार्ने नजाती
सत्ताधारी असमझ भए काम बन्दैन जाती
सीमा पारी वन पुगिसके दाउरो सम्म छैन
वैरीद्वारा सब लुटिसके राष्ट्रको शान चैन

भन्छन् "खोल्यौं सबतिर नयाँ नौ थरी अस्पताल
तेसै दिन्नन् तर निधनमा ओखतो आजकाल
कुत्रे क्याम्रे अपठित पुगे डाक्टरै दूर पुग्छन्
कुर्सीवाला लखपति पुगे पाउ मोलेर जाँच्छन्

रवस्याहाका दल छल गरी गल्ल हाँसेर हेर्छन्
बाठालाई सकल छ यहाँ हर्षका सास फेर्छन्
हामीभन्दा पनि अरू कुरा छौ तिमीले बुझेका
आशा गर्छौं अनल ननिभोस् कान्तिमा छौ जुटेका"

४

आत्मा खोले कविसित "कडा रातमा बास पाएँ
आनी, बानी, वचन रसिलो स्वादिलो गाँस पाएँ
पाएँ राम्रो सहमति, मिठो राय सल्लाह पाएँ
गाई-डुल्ने मन छ अहिले गाउँदै जो म आएँ

## खोरमा बाघ पर्छन्

बाजै जस्ता डलरपतिका दासले ढाड भाँचे
काला छाया वन-शिखरमा चोर चण्डाल नाँचे
छुच्चा लुच्चा चतुर चितुवा, चाकरीबाज जागे
ज्यानै लिन्छन् रगत पिउँने थर्थराएर भागे
गोही जस्ता कलुष विषका बोटले घेर्न लागे
फेरो मारी फुँ फुँ फुँ फुँ गरी गोमनै बेर्न लागे
गाली गर्छन् समझ नहुने बिग्बिगी धुन्धुकारी
राँको झोस्ता तर समरमा मर्दछन् मांसहारी
पूजा गर्छन् खरबपतिको शासनारूढ काला
कालै जस्ता कलुष कपटी खोज्दछन् रोप्न भाला
डाँका खोज्छन् बल जफतले लोकलाई निमोठ्न
लाग्छौं हामी तर अब छिटै दुष्टलाई चिमोट्न

घामैलाई सघन तमले, मेघले घेर्न थाले
कोर्रा हान्दै रिसइबि लिई सेठले जेल हाले
लालीलाई बिहक चुंडियो दाँत गाडी पछारी
लिन्छौं हामी सकल बदला हात भाँची लछारी

पेले राम्र सित मफतमा स्वाँठले रात पाई
पाई भा. रू. डलर पतिका आडको ओत पाई
दाँतै गाडी गडबड गरे मच्चियो भाँड भैलो
धुन्छौं हामी तर जति छरून् दुष्ट कालो र मैलो

काँचै खान्छन् मुलुक लुटुवा निर्दयी कामचोर
हल्ला खल्ला तिर मन दिने दैत्य हुन्छन् कठोर
हाडै निल्छन् कटकट गरा फ्याउरा डुल्न पाए
स्वाहा हुन्छन् तर पनिउँले डामिदा याद आए

मान्छेलाई उभिन नदिने दैत्यको मान गर्ने
आज्ञा मान्ने अरु मुलुकको देशको शान हर्ने
सामन्तीका खलक, खरका वंशको पाउ पुज्ने
लाच्छीलाई थिरिन नदिने गर्दछन् कर्म बुझ्ने

बुझनेलाई घर घर डुली भन्नु पर्दैन केही
दिन्छन् सक्तो भर सहृदयी शक्ति केही न केही
दुष्टात्माका शिर उपरमा चक्र भै चढ्नुपर्छ
जल्दा बल्दा विषयहरुमा याममा सोच्नुपर्छ

सस्तो चारैतिर छ छरिंदै आज बेरोजगारी
पापात्माका दलबल भए पाउने रोजगारी
भाईमारा जहर सरिका नित्य दुष्कर्म गर्छन्
घेरा हाले तर सकलले खोरमा बाघ पर्छन्"

५

झोला बोकी सहृदय उठे भित्रका भाव फोई
गल्ली गल्ली घर घर घुमे भोक भोकै नरोई
रोई आयो सिमसिम झरी सिर्सिरे स्याँठ आयो
बासै खोज्दा स्वरहरु सुने माथले मासु खायो

**के प्रजातन्त्र आयो**

सातो खाने मुटु चुसिदिने चल्न थाल्यो बतास
भोका नाङ्गा शिशुहरू भए रात पर्दै हताश
रोगी पत्नी सरि छ बुकुरो जीर्ण पाटी समान
आँखा गाड्छन् जिउन नदिने खेतमा वेइमान

खोसे दुश्शासनहरू मिली खेतको जोत पोत
झ्वाम्मै पारे रगत, पसिना आयको पूर्ण स्रोत
गाई, बाख्रा सब बिकिसके के गरी काल टार्नें !
रातै फैल्यो ढसमस गरी निम्छरालाई मार्ने

भोकै पर्ने जन अरू भए रोगले लम्पसार
चूकै चूकै सरह अमिलो चर्कियो अन्धकार
जाडो छल्ने कुन तवरले रोगलाई घचेटी
खप्की खाई कसरी थिरिने शक्तिलाई समेटी

खोज्दाखेरिन् मल, जल, बिऊ, ओखती पाइँदैन
चाहे जस्तो मल, जल बिना उब्जनी आउँदैन
पाके जस्तै भकभक व्यथा वेदना उम्लँदैछन्
सुर्तै सुर्ता सकस मनका माझमा सुम्लँदैछन्

काला कीरा रङ विरङ्का लामखुट्टे कराए
कालै झिङ्गा भनन्‌न गरी भुन्भुनाएर आए
रोगी पाए उडुस, उपियाँ, सुल्सुले मख्ख पर्छन्
कस्ले सुन्ने उजुर मुखिया भुत्भुताएर हेर्छन्

ऐय्याशीका खलकहरूकै अग्लँदैछन् हवेली
लाटा सोझा सकल लुटिए शान्ति, बेली, चमेली
फाले खोलातिर कतिजना कत्तिलाई भगाए
आवाराका अनुचर मिली फेरि फेरी लगाए

बाली नाली, जमिन लुटियो घर्वरी रुन्छ आत्मा
कीर्तै गर्ने सब पसिसके खोरियामा दुरात्मा
मूसा रुन्छन् भुइँतिर भुमी छैन पीठो समेत
धूजै धूजा सब भइसके वस्त्र बर्को समेत

लड्दा आफ्नै करङ मकियो ढाड बन्दैछ लोसो
खाना खोजौं अब म कसरी साथामा छैन पैसो
पैंचो मागौं स्वजन पनि छन् पेट दाबा परेका
हाम्रै थाप्लातिर दुःख सबै वैरिदैछन् भएका

बाँच्नै गाह्रो अब हुन गयो दुर्दशा दुर्दशा भो !
टारौं छाकै तरुल र गिठावाट यस्तै दशा भो !
यो रात्रीमा गरिबहरूको छैन अर्को उपाय
हुन्छन् आफैं प्रकट दुःखका डामको डोब हाय !

चल्ला च्याप्तै नभतिर पुगे चील हुच्चील माथि
जाली भेली धनपति पुगे बुर्जुवा बाज माथि
झन्झन् हामी तल तल पर्यौं के गरी माथि जाने !
झुत्ती खेल्छन् सुन-रजतका तर्फ नेता मसाने

माग्छन् हामीसित मत तिनै फेरि आए चुनाव
चुँड्ने ऐले घर घर डुली लाल लाली गुलाब
खुल्दा खुल्दै दिन धमिलिदै बादलैमा हरायो
दुःखीलाई अरू दुःख दिने के प्रजातन्त्र आयो"

६

खोले पोका सकल बहका आँसु ताता चुहाइ
'ऐय्या' भन्दै विपत जलमै पल्टिए ढलपलाई
छामी गालातिर विजयले स्नेहद्वारा उठाए
आगो फुक्तै वचनहरूका सुस्त सुस्तै तताए

बाघ गर्छ

"फिर्ता दिन्नन् जमिन मुखिया पल्टिए आँसु झारी
भर्छन् आफ्नै जमिन पतिले टन्न पारी भकारी
पापी गर्छन् कचकच सधैं चक्चकी कामचोर
खाने वेला मनपरि गरी भाग खोस्छन् कठोर

धावा बोल्ने तरखर सधैं गर्दछन् राहु केतु
हाम्रा सारा वह विपतका हुन् यिनै मुख्य हेतु
"खाऊँ, लाऊँ सकल रसिलो वस्तु" मैमत्त गुन्छन्
बल्छी हाली कपट मनका, मर्त्यका मासु लुच्छन्

खोल्छन् हाँडी सरह थुतुनो क्रूर सामन्त शाही
पंजा गाड्छन् अविरल छली बाज झैं जार शाही
बेथालाई बलसँग थिची ओट टोकी दबाऊँ
छाती खोली जमिन पतिको सामु मुण्टो उठाऊँ

छाप्रोभित्रै लडिबुडि गरे काम बन्दैन ठोस
तातो पारौं रगत मलिलो जोशका साथ होश
हुन्छन् आफैं थरर पहिरा बार, कान्ला, तगारा
फारी कालो चहचह गरी छाउँछन् नित्य तारा

पार्छन् मान्छे असल कृतिले झल्झलाकार सारा
तारा जस्तै चम चम गरी रात माडेर सारा
लाए राम्रा कुसुम लहरा हल्हलाएर फुल्छन्
छर्दै ताता किरण जगमा चंकिला सूर्य खुल्छन्

सूर्यँ जस्तो झलमल हुने गर्दछन् वीर कर्म
धर्तीलाई तर दु:ख दिने दुष्ट गर्छन् अधर्म
जुध्दै त्यस्तासित अभयका साथ उत्सर्ग गर्ने
लाखौं लाखौं लहरहरु छन् रक्तमा शक्ति भर्ने

पीडा पर्दा विकल नहुने वीर सङ्घर्ष गर्छन्
ज्यानै जाओस् तर मन हुने कर्म सम्झेर गर्छन्
जुध्दा जुध्दा विजय नभए एउटा प्राण ढल्छ
बाजो हाम्रो तर छ अबको खेपमा बाघ गल्छ''

७

घेरै आए खबर रसिलो पाउँदा गोठभित्र
आफ्ना आफ्ना वचन मनका खोल्न थाले पवित्र
''हामीलाई बल भर दियौ गम्म मारी अँगालो
पाछौं राम्रो अब नचुँडिने शक्ति आजै सँगालो

## बाघले मार खान्छन्

आस्था राखी दलितहरूमा साम्यता तर्फ धाई
बाटो रोजी सपुतहरूकै लाख बेथा उठाई
हाम्रा छाप्रातिर अतिथिका रूपमा बस्न आयौ
कुस्ती खेल्ने दु:खसँग कडा, ज्ञान–गङ्गा बगायौ

चिन्ता गर्दै सकल जनका निम्ति आत्मा दिनेले
जुध्छन् पापीहरूसँग सबैं सिर्जना सम्झिनेले
यै माटोमा मलजल गरी मार्ग राम्रो अँगाली
बत्ती बाल्छन् विमल दिलका धैर्यलाई सँगाली

चाँडै खुल्ने सगर बुझियो पूर्व रातो हुँदैछ
तातो पाई दलित दुनिया पूर्ण तातो हुँदैछ
बस्ती बस्ती सकल ब्यूँझिए ढल्छ कालो तगारो
लाग्दै आयो अब त मनमा ढाल्न लागौं कि गारो

लाग्यो आजै असुर शठको हात भाँचौं कि कालो
लाग्दै आयो अब त मनमा पोल्न थालौं कि जालो
कालो जालो विषम पहिरो भीर खारेर फालौं
धर्तीलाई दुहुन सबका निम्ति चाँडै उचालौं

पाखो खार्छन् विकट पहरासम्म मैदान पार्ने
खेती गर्छन् कृषक बलिया जिन्दगानी सपार्ने
बास्ना छर्छन् पवन बहँदै वीर छर्छन् उज्यालो
हातेमालो अब सब गरी चढ्न लागौं उकालो

कर्म गर्छन् मधुर मनका लोकका कष्टहारी
झल्की आफैं झलमल भई खुलदछन् क्रान्तिकारी
रेखा खिच्छन् नव प्रगतिको लाउँदै एकसास
ढल्छन् काँढामय रूख चले मुक्तिकामी बतास

हावा चल्दा नव प्रगतिको दुष्टको उड्छ सातो
उड्छन् हुस्सू धुरुरुरु रुँदै आउँदा घाम तातो
काला मैला अब पनि मिली छेक्न आए छलेर
मुक्का हान्छौं सब जन जुटी टाउकामै थिचेर

थाहा पायौं वह विपतको मूल हो लोकमारा
पूँजीवादी अणुबम लिने विश्वकै ज्यानमारा
अत्याचारी जमिन पतिको वंश सामन्त शाही
तन्तन् चुस्ने रगत मुटुको दुष्ट हो बादशाही

तरुता ढाली कलुष त्यसको लम्किएमा धरामा
लाग्ने छैनन् अधम धमिरा शान्तिशाली जरामा
खेल्दा लाली किरण रणमा रातले हार मान्छन्
ज्वाला खुल्दा सब अधमरा बाघले मार खान्छन्"

८

पत्तो पाई हल चल सबै कंस रन्के रिसाई
डोरी बोको सबतिर पुगे कम्न पाता सुँसाई
रोल्पा, डोल्पा, रुकुमहरूमा उफ्रिए दुष्ट काला
'पापी !' भन्दै विजय दगुरे अग्नि जस्तै उज्याला

## रात ढल्दै छ कालो

"आफैंलाई 'असल र सफा शक्तिशाली' नठान
'हर्ता कर्ता अधिपति तथा खानदानी' नमान
योद्धा साम्ने अब निहुरिदै होश राखेर बोल
बाँच्ने इच्छा, हृदय छ भने भूल पैले कबोल
सक्ने छैनौ अब प्रगतिका पाइलालाई चेप्न
पैले जस्तो झुट र बुटको लात लाएर हेप्न
आजै देखिन् सब त्यजिदिए हुन्छ शेखी रबाफ
दागीलाई मुलुक निहुरी पर्स्किँदैनन् कबाफ
घोडा बन्ने दिल यदि भए शत्रुको मोल गोडा
मान्छे बन्ने तर मन भए देशकै छाम गोडा
'खोया जस्ता सकल जनता हुन् ! अझै सम्झिएत
तिम्रै घाँटीतिर अब उठी लाउँछन् तीर रेत

काला कानून र नियममा देश बोल्दैछ धावा
धावा बोलेपछि डलरको धाकले खान्छ हावा
तिम्रा सारा सुख शयलका पल्टिदैछन् जमाना
मान्छेलाई नगम भुसुनातुल्यका हुन् ससाना

छेपारो झैं स्वरूप बदली हेर्नं पर्दैन फेरि
तिम्रै घेर्छन् महल बालिया ध्वस्त पार्ने अँधेरी
केही बाँकी शरम छ भने नाकको दाग धोऊ
माफी मागी धुरुरुरु रुँदै दीनको पाउ छोऊ

गर्ने सम्मन् जति अघि गर्‍यौ पिर्नुसम्मै पिराई
मस्मस् माँडी निधन जनतालाई भारी भिराई
के हेर्दै छौ अब पनि घुरी लात मार्ने पर्‍यो कि !
खोल्दैनौ हे ! किन मुख खुनी दाँत झार्ने पर्‍यो कि !

के सुन्दैनौ वचन युगको विश्व निर्माण गर्ने !
आयौं त्यागी जनबल उठी दुष्टको प्राण हर्ने
थू थू गर्छन् अब त जनता कंसका वंशमाथि
गोडा राख्छन् दलित जनता शत्रुका दासमाथि

ताछी गाला कलुष थुतुनो थ्वात्त थुत्नै पर्‍यो कि !
होशै जोशै सहित पशुको कण्ठ दाब्नै पर्‍यो कि !
घोप्टेका छौ किन नि भन ए ! मौन मौनै भएर
चाँडै जाओ वचन भन यो मालिकैमा गएर

पापी ढल्छन् रूखहरू सरी उठ्छ हाम्रो समाज
योद्धा गर्छन् दलित जिउँने सर्वदा काम काज
राता तारातिर हृदयका लाउँने नेत्र राम्रा
सड्ने छैनन् असल अगुवा मुक्तिका बीज हाम्रा
भुक्तै आयौ भनन कसको आड पाएर फेरि
भेलै जस्तै गररर गरी भेल भँ सास फेरि
पैले जस्तो नगम "टिकुँला तीर रोपेर कालो"
तिम्रो पालो समय सकियो रात ढल्दै छ कालो"

६

घामै जस्ता वचन फरिला लोकमा फलमलाए
छाडै जस्ता छर बर गरी मुक्तिकर्मी पलाए
पाई माया मधुर ममता मुक्तिमा धाउँनेको
मीठो मीठो स्वर लहरियो चेतना आउँनेको

**ढल्दछन् धूर्त ढोंगी**

"हामीलाई पशु सरह वा लाश जस्तै गनेर
आएका हुन् गरुड सरिका हात हाल्नै भनेर
लाप्पा खेली तर विजयले रोब फारी भगाए
निर्धा दुब्ला थकित बटुवा वर्गलाई जगाए
झुल्के हाम्रा पनि हृदयमा धैर्यका जून तारा
भेला हुन्छौं अब समरमा चित्त लाएर सारा
मान्छेमारा खरबपतिको पक्ष राखी नबोल्ने
न्यायी हुन्छन् विजयसरिका चोरको पोल खोल्ने

थाहा पायौं कति छ मनमा शक्ति सामर्थ्य हाम्रो
पाखा लाग्छन् जवर मुखिया सल्किए क्रान्ति राम्रो
लाली छाए हिमशिखरमा हुस्सु रोएर ढल्छ
विश्वै खाने सलह नढलुन्जेल सङ्घर्ष चल्छ

सङ्घर्षैले सकस सबको कष्ट मासिन्छ हाम्रो
साझा हाम्रो घर मुलुक यो बन्छ नेपाल राम्रो
छानी छानी चलन नतिको टेक पारी खरानी
आफैं रच्छौं अब सुनहला सिर्जनाको कहानी

निर्माता हुन् सपुत युगको उच्च आवाज सुन्ने
चोखा हुन्छन् हित 'सकलको के गरे हुन्छ' गुन्ने
पीठै पार्छौं अब कलुषता दुष्टतालाई पिन्दै
हाल्छौं खाल्टातिर जगतका सिहलाई निफन्दै

भोकै मर्ने मजदुर तथा काम गर्ने किसान
बाली ज्वाला रवि शशि सरी ल्याउँने छन् विहान
आए गुण्डा दल वल लिई गिद्धजस्तै बनेर
चुच्चै चुँड्छौं चरर चिरी घास–पातै गनेर

वेशर्मीका खलकहरूमा लाज पाइन्न रत्ति
घातीलाई अब छुट दिने काम देखिन्न कत्ति
भाईमारा अधम रिपुको पोलिदिन्छौं कपाल
थाम्छौं हामी मुकुट हिउँको ढल्न दिन्नौं हिमाल

फिर्ता माग्छौं जमिन नदिए खोरिया खेत बारी
खोस्नेलाई सब जन मिली ध्वस्त पार्छौं पछारी
भाग्ने छैनौं अब भय लिई देशका कर्मयोगी
ढुङ्गा जस्ता कठिन जति छन् ढल्दछन् धूर्त ढोंगी"

१०

उत्साहीका स्वरहरू सुनी गम्म मारी अँगालो
हाँसी बोले विजय "तरियो आज सानो भँगालो"
गाऊँ घुम्ने जब मन गरे स्नेहिला भन्न थाले
"हामी लाग्छौं अघि पछि सबै" स्नेहले छाँद हाले

## चंकिलो मार्ग रोज्छौं

"एक्लै जान्छौ विजय कसरी आज अर्को कुनामा
पारी चिन्ता जल विरहका सिर्जनाका मुनामा
जाँदा खेरिन् अब पर तिमी जान्छ साथै समाज
मान्ने छैनौं असल अहिले छुट्टिने काम काज
आफ्नो भन्ने परपर भए लाग्छ ज्यादै कहाली
एक्लै डुल्दा वनचरहरू आउलान् हामफाली
सल्लाधारी सिरिरिरि गरी शीत तप्काउँदै छन्
डाही बिच्छी; विषधर अरिङ्गाल हप्काउँदै छन्
तर्छौ एक्लै भनन कसरी खोच खोला कठोर
सुम्दै बाटो विविध थरिका जन्तु घुर्छन् अघोर
बाटामा छन् जबर पहिरा कन्दरै कन्दराका
छाया लाग्छन् अघि पछि छुचा ढेडुका मन्थराका

तप्तप् पानीसहित असिना पर्छ कालै तुसारो
पर्छन् पन्छीतक विजनमा साँझ पर्दै पसारो
पैरो जाने कुन समयमा चाल पाइन्न फेरि
एक्लै पाए वन पशुहरू सक्तछन् डस्न घेरी

बाक्लो हुस्सु उधुम कुहिरो मेघकै पक्ष लिन्छन्
स्वाँ स्वाँ गर्दै अजिङ्गर सुसाएर सर्लक्क निल्छन्
दाह्रा गाडी मुखतिर हुली कप्प पार्ने निचोरी
बाटो कुर्दै अभ्र छ जिउँदै मासु खाने अघोरी

चिप्ला ढुङ्गा अडिन नदिने बाँदरे भीर त्यस्तै
देख्दै लाग्ने डर बगरका झाल, जङ्घार त्यस्तै
सुस्तै चुस्छन् सलबल गरी सुल्सुले सल्बलाई
एक्लै हिड्छौ भनन कसरी विघ्न–बाधा ढलाई

गुण्डा हिड्छन् डगरडगरै गाभ राखेर भित्र
बाटो रोक्छन् गडडड गरी भेल उर्ली विचित्र
अर्ना, गैंडा, गरुड, बलिया हात्ति लाग्छन् बँदेल
ताबेदारी अधमहरूकै नित्य गर्छन् छँटेल

गोडै निल्ने दलदल हिलो भासिने धाप त्यस्तै
देख्दै लाग्ने डर डगरमा भास छन् क्रूर त्यस्तै
आँखा पार्ने तिरमिर कडा बालुवै बालुवा छन्
हिड्दा त्यस्ता बगरहरूमा डाँस आएर डस्छन्

बस्ती घेरै पर छ पथमा कत्ति मिल्दैन खाना
खोज्छौं हामी पख बखतका निम्तिको खर्खजाना
बाटोलाई सब किसिमको चाहिने वस्तु खोज्छौं
भित्रैदेखिन् अति चहकिलो चम्किलो मार्ग रोज्छौं"

११

शङ्का सुर्ता भय विरहका जोशका भावनाका
भाषा पाई जन हृदयका स्नेह–सद्भावनाका
चोखा आँखा दु:ख र सुखका सम्भनाले रसाए
एक्लै जाने तर मन गरी मुस्कुराई सुनाए

## घाम झुल्किन्छ भोली

"हाम्रो चारैतिर छ छरिंदै घाम रोज्ने समाज
'एक्लो पर्ला' डर सब त्यजे हुन्छ हाँसेर आज
जाडो, गर्मी सहन नसके भेल्न सङ्कष्ट नाना
लाई वस्थें घरतिर लुकी जीर्ण थाङना पुराना
भुक्तै गर्छन् कुकुर नगिचैबाट लस्किन्छ हात्ति
गर्छन् कर्मी दु:ख सुख खपी कामधन्दा नआत्ती
छल्दै काँडा कठिन वनमा पाइने कष्ट भोली
हावा जस्तै सललल बगी उम्कुँला हाँक बोली
फोर्छन् ढुङ्गा, विषम पहरा वीर सङ्घर्षकारी
कुप्पा हाल्ने विमल लहरा पात हुन्छन् छहारी
छाया दिन्छन् वर पिपलका बोट जस्तै परार्थ
त्यस्तै त्यस्तै म पनि दिउँला प्राण हाँसी परार्थ

धर्तीबासी अनुभव हुने दूर फाल्छन् निराशा
जो जो राख्छन् हृदयतलमा मुक्तिको मात्र आशा
त्यस्ता मास्छन् मसमस मिची चोर चण्डाललाई
दागा धर्छन् अभय मनका कंसका भाटलाई

लूतो फाल्छन् धवल मनका दर्फराएर शास्त्रै
कर्मद्वारा सब सफलता हातमा पर्छ हाम्रै
मेची डुल्ने सघन वनमा शक्तिका छन् मुहान
काली डुल्ने पनि जमिनमा मुक्तिका छन् मुहान

रोशी, कोशी सललल बही मुक्तिमा धाउँदै छन्
रोगी दु:खी दलितहरूमा चेतना छाउँदै छन्
आस्था राख्छन् सग मन लिने क्रान्ति सङ्घर्षतर्फ
लागोस् यस्तै मन जुनिभरी उच्च उत्थानतर्फ

लाग्नोस् साथीहरू सब यहीं शत्रुका सामनामा
रक्षा गर्छन् स्वजनहरूको वीर आफ्नै बुतामा
साथी भाई अरू म बटुली लेक वेशी घुमौंला
चढ्दै एकै पटक चुचुरा चन्द्रमामा चुमौंला

बोलीलाई सबतिर पुगी कार्यमा फेर्नुपर्छ
वैरीलाई सबतिर पुगी राम्ररी घेर्नुपर्छ
तारो हाने निडर मनले मुख्य ताकी निशाना
झर्छन् पातै सरह मसिना शत्रुसेना ससाना

घेर्दै घेर्दै महल रिपुको लम्किए एक साथ
गिर्छन् काला तम सरहका शत्रुका हात माथ
लेख्छन् राम्रा कवि चहकिला काव्य सिद्धान्त घोली
लड्ने बैरीसँग सब भए घाम फुलिकन्छ भोलि"

१२

आशावादी विजय कविको गोठमा फेरि आए
स्याँ स्याँ गर्दै फटपट उठी हात हाँसी मिलाए
बिर्सी वेथा दमन दमको सुम्सुम्याएर छाती
खोले अन्तःस्करण थपियो देशमा झन् नजाती

## बन्छ हाम्रो समाज

ढाडेलाई अधम शठले काँध थापी उठाए
पाए खेल्ने समय, मुलुकी बैठकै सम्म पाए
खाए लाठो झुट र बुटको राष्ट्रवादीहरूले
पाए मेवा, फल, मह मिठो राष्ट्रघातीहरूले
पैयाँ ठोकी नभतिर पुगे मत्त साँढे र गोरु
गुण्डा भन्छन् 'मुट्टु लुछुँ कि वा टाउको मात्र फोरुँ"
के गर्ने खै ! 'खबर छ ठिकै' रेडियो बोल्छ झूटो
हान्ने कस्ले भनन त्यसका ओठ भित्रै अगुल्टो
घाती भन्छन् "हुकुम उनकै हूबहू मान्नुपर्छ
बादैशाहै प्रमुख पदमा छानियोस् छान्नुपर्छ"
चल्नेलाई विमत त्यसको मान्दछन् मुख्य शत्रु
दाईं गर्ने हरदम भए गर्नु के पत्रु पत्रु !!

हाहाकारै सबतिर भयो मच्चियो गोलमाल
साह्रै कोलाहल, खलबली, बिग्रयो हालचाल
टाढा टाढातिर जुनकिरी रातमा हुत्तिदै छन्
छुत्ती खेल्दै कुकुरहरूका छाउरा फुत्तिदै छन्

पानी माग्दा मुलुक पिउने, लात हान्छन् उठेर
धुस्नै पार्ने अब भइसके ज्यानमारा जुटेर
नाफा खाने मिलिजुलि भए भ्रष्ट लुच्चा लुटाहा
हेपाहाका दल दमनका लागि पाल्छन् कुटाहा

हेर्दाहेर्दै उन र नुनले सुनकै मोल पाए
जोत्ने रोप्ने जमिन जनले सागको झोल खाए
रातारातै नियम मिचुवा माल कुम्ल्याउँदै छन्
ज्यामी कर्मी, मजदुर, कलाकार डुल्लाउँदै छन्

हामीलाई सिलिभरतकै किन्न गाह्रो हुँदैछ
ढुङ्गो भन्दा पनि अरु कडा सेठ साह्रो हुँदैछ
सेठलाई किचक कुलका नाइके मान गर्छन्
सक्तो गर्दै निशिचरहरू जूनको शान हर्छन्

कोरा हीरातिर घुसिसके लेकमा मेघ छायो
भुस्तिघ्रे ले सब लुटिसके देशले दुःख पायो
गोही निर्णायकहरू भए डुक्रियो मत्त साँढे
होलो खेलो निस रगतमा मच्चिए क्रूर जाँडे

पाए खेल्ने अवसर तिनै तस्करीले कबाज
कस्तो आयो कुचलन अहो। जेल पर्ने समाज
ज्यानै जोगाउन पनि पर्‍यो मुश्किलै मुश्किलै झैं
स्वेच्छाचारी खलहरू भए झम्टिने हुच्चिलै झैं
चुच्चो भाँची चतुर चिलको डुल्न पाइन्छ कैले ?
फारी कालो चलन जल झैं खुल्न पाइन्छ जैले
मोर्चा कस्तै हँसमुख डुले क्रान्तिका लागि आज
रातो तारा सरि छवि दिने बन्छ हाम्रो समाज"

१३

ओल्याएका जति जति कुरातर्फ लाएर ध्यान
खोले आफ्नो मन विजयले हिँड्न उठ्दा विहान
"बाजै भेटी जयसँग कुरा गर्छु एकै बनौं न
एकै एकै लय र स्वरले शत्रुलाई थिचौं न

## माथमा हान्नुपर्छ

साथी पैले अनुभव विना भूल केही गरेछौं
राखी शङ्का, कस, कलहका खाडलैमा परेछौं
पाए गर्ने समय त्यसले चोरले चालबाजी
पाजी गिर्छन् तल अब मिली झम्टिए एक बाजी
मोरी जस्तै अब त नमिले मेघ तेजाब छर्छन्
तेजाबीका जलन विषले शक्तिका फूल झर्छन्
माया राखी कुसुमहरूमा साम्यताका जुटौं न
तीता ईर्ष्या, कलह, झगडा प्रेमद्वारा भुटौं न

आऊ जाऊँ चररर चुंडी क्रूरका जालझेल
मान्छे चुँड्छन् चरर तृण झैं जेलका जीर्ण नेल
आशा गर्छिन् 'सपुतहरूले स्नेह गर्छन्' धरित्री
फुक्का हुन्छौं सकल चुँडिए जाल जञ्जाल सिक्री

ज्यादै ज्यादै जगत थलियो पन्पियो दासवृत्ति
होला केले अब पनि फुटे दुःखदेखिन् निवृत्ति
राम्रो होला प्रगतिपथमा गाभ फालेर जुट्ता
कष्टै पायौं भनन कतिको लेश राखेर फुट्ता

फुट्ता टुट्ता कति कति घुसे राष्ट्रलाई बिगार्न
आऊ जोडौं हृदय रचना राष्ट्रलाई सिंगार्न
तेजी त्यागी जति समरमा शक्ति लाएर जुट्छन्
इन्साफीले भुवन भरिका निम्ति सङ्घर्ष फुक्छन्

सग्ला मान्छे सकस सहँदै नित्य सत्कर्म गर्छन्
सत्कर्मीका छविमय कला कर्मले कान्ति छर्छन्
पर्छन् वैरी पनि चरणमा चौदिशा घेर्न पाए
बन्छौं हामी सब मुलुकको चेहरा फेर्न पाए

हेर्ने चेर्ने चलन ननिको ल्याउने जो छ चाम्रो
वल्छी हाल्ने निठुर मनको मुख्य हो शत्रु हाम्रो
अल्छी तिम्रो जगत पिउने गर्छ नाना चलाकी
धोकी रक्सी सब मुलुकको मुख्य मै हुँ फलाकी

बुझ्दाबुझ्दै पनि मुलुकको चाहना हालचाल
जो जो गर्छन् अब समरका कर्ममा आलटाल
त्यस्तालाई पनि समयमा ध्यान दी छान्नुपर्छ
हत्याराका अब महलमा माथमा हान्नुपर्छ"

१४

'हो हो' भन्दै गलितवदना केश सेतै फुलेकी
चिन्तै चिन्ता विरह वहका खाडलैमा डुबेकी
गाई जस्ती लग लग गरी पौडँदै वेदनामा
आँखा पारी टल पल सफा खोल्दछिन् ओठ आमा

**आमाका कामना**

"छोरा छोरी नयन सरिका आउँथे भोकभोकै
हाँस्तै खान्थे घरतिर हुँदा साग सिस्नो दिएकै
भेला हुन्थे वर र परका माथि, तल्ला घरेका
गर्थे वार्ता हँसमुख सधैं के बुझौं के गरेका
पढ्थे रातै भरि भरि कुनै लेख्तथे फेरि के के !
गर्थे के के छलफल तथा गर्दथे काम के के !
के जानौं यो अपढ बुढियाँ भन्दथे "लुछ्न सक्छन्
भाँच्दै खुट्टा, करङ, पिडुला खोरमा थुन्न सक्छन्
सक्छन् पुनँ पनि जमिनमा पोल्न पेट्रोल हाली
सक्छन् मार्न कठिन भिरका भेलमा फेरि फाली
वैरी साम्ने तर पनि मुमा ! आँसु झारी नरोए
हामी मर्दा अरू त जिउँछन् सुर्कनीलाई फोए

बोलेतुल्यै तन, मन, धनै अर्पिए देशमा यो
ढाले बोले सरि असजिलो दुर्व्यवस्था दशा त्यो
'फिर्लान् राम्रा दिन अब' भनी आँसुभित्रै लुकाएँ
छोरा छोरी अमर रहने पाउँदामा खुशाएँ

आकांक्षाका महल तुट्दिए किन्तु कालै कराए
मेघै आई झलमल दिने घामलाई लुकाए
सामन्तैका अनुचर उठे चाकरीबाज हाँसे
छानी लालो कुसुम र लता लालिमालाई मासे

बन्दै बन्दै सब भइसके देशका काम धन्दा
बेची खाने चलन थपियो मित्रको दान चन्दा
चन्दामारा गरम मतिको नाइके हौंशिदै छन्
राणाशाही अजिङ्गर उनै धाक धक्कू दिँदै छन्

भाँजो हाली मिलन नदिने एकताको विरोधी
ढुङ्गा जस्ता हृदय नहुने चेतनाको निरोधी
गर्दै भा. रु. डलर, युवतीतर्फ आँखा लगाई
पाजी ठोक्छन् 'हुकुम' उनकै मात्र बन्ने भलाई

लोभी पापी कमसल छुचो फ्याउरोतुल्य बाठो
चर्को अर्को पनि छ जिउँदै तर्सिदै ठोक्न लाठो
मस्तैमस्तै सित महलमा गर्छ जो मोजमस्ती
पानी मानी रगत पिउने तुच्छ हो त्यो अगस्ति

बुझ्दै आएँ म पनि अहिले मार खाएर धेरै
झण्डा बोक्ने म पनि छु हुंदै शक्ति लाएर घेरै
छाती थिच्तै अब त त्यसकै टाउको फोर्नुपर्छ
त्यो अस्ताए बिथिति ननिको पात झैं सुक्छ झर्छ
झारी झारी सब बिथितिका पात बोटै ढलाई
रोपी रातो कुसुम मनको जोश तातो लगाई
लम्के मात्रै सब मिलिजुली काँधमा राष्ट्र राखी
इच्छा पुग्छन् शहिदहरूका भन्दछन् वीर जाती
जम्मै जाऊँ अब मिलनका झलझली ज्योति बाली
आऊ आऊ सपुतहरू हो ! लालझण्डा उचाली
हेर्ने इच्छा रहर छ मेरा त्यो अगस्ती ढलेको
संसारैमा झलमल दियो साम्यताको बलेको"

१५

खोली भित्री वह, रहरका रक्तधारा बहाई
आमा लम्किन् सबल दिलकी लाल वल्ली समाई
आमाका ती ध्वनि र लयले शक्तिका पुञ्ज छाए
उच्चो छाती मन पनि हुने न्यायशाली सुसाए

**मिल्दछन् मुक्तिकामी**

"हामी नै हौं सबल दिलका देशका प्राण वायु
देखेका छौं छल कपटको छोटिएको छ आयु
बाल्छौं हामी झलमल मुना ! एकताको दियालो
गर्ने छैनौं असल रचना गर्ने हामी बियाँलो

टाढा जाने घरतिर फिरे फिर्दछन् फिर्न बाँकी
फाल्ने छैनौं समय सुकिलो व्यर्थ नारा फलाकी
कामै गर्छौं मन मन गमी विश्वकर्मी विकासी
अल्छी छैनौं, निडर मनका छौं मुमा ! देशवासी

ढुङ्गा फोर्दा विकट पहरा भीर चट्टान खार्दा
राँगा जस्ता रिपुसँग जुधी ख्वाक्क खोकी खकार्दा
वैरी पर्छन् शिथिल तृण झैं भासमा लम्पसार
राजाशाही कति अघि ढले जारशाही हजार

बत्ती जस्तै धिप धिप हुँदै निभ्दछन् राष्ट्रघाती
ढल्छन् काला अजङ पहरा चर्कदैछन् नजाति
साँढे ढल्छन् कृषकहरूले नोल देखाउँदैमा
सिद्दै हुन्छन् थरर भवका ज्योति सल्काउँदैमा

भष्मै हुन्छन् अजिङर अहङ्कारका शैल जस्ता
एकै एकै पटक सबले जोडले लात कस्ता
जुट्तै आयौं महसुस गरी देशको मागलाई
झोस्छौं राँको अब महलको धाइते बाघलाई

धूलै पार्छौं तममय घडा गर्वका शैललाई
पुर्छौं खाल्टातिर अब लगी विघ्नबाधा लडाई
त्यै गर्दामा सपुतहरूको पुग्छ इच्छा इरादा
ढल्दै जान्छन् सब प्रगतिमा लम्किदा विघ्न बाधा

सुन्ने छैनन् जुन वचन यो कान खोलेर आज
धिक्कार्ने छन् त्यस किसिमका वर्गलाई समाज
पानी प्यूँदै पवन बनका धुकधुकी नित्य छामी
चढ्दा अग्ला शिखर बलिया मिल्दछन् मुक्तिकामी"

१६

खोल्दै मीठा वचन गतिला देशका लागि डुल्ने
फाली धर्सा असहमतिका चन्द्रमातुल्य खुल्ने
खुल्छन् एकै पटक जसरी खुल्दछन् उच्च तारा
भन्छन् बुझ्ने जति विजयका बाँसुरीका इशारा

## पातकी खान्छ माटो

"काला पैसातिर अरररिने व्यक्तिवादी कराए
लाखौं लाखौं मनुज कुलका फूललाई मराए
संसारैंका घरतिर चले घोर चोरी चकारी
चुच्चो रोपी तन धन चुसे कागती झैं निचोरी

शोषी शोषी रगत मुटुको आँत सुक्खै गराए
हातै बाँधी मनपरि गरी दोषलाई फसाए
आँखा चिम्ली दु:खहरू सही सिहलाई पुजेछौं
वट्टै जस्तो फनफन त्यसै जालमा पो घुमेछौं

हाम्रा खोसे तब रहर त्यो चैनको सास फेर्ने
थाहा पायौं जब, तब भयौं बाघको गोठ घेर्ने
आस्था देखिन् विचलित भए दु:ख पाइन्छ फेरि
दु:खै भाग्छन् तर अब बहे घामका तर्फ हेरी

आऊ कोही अब पर भए मिलन बाँकी रहेका
एकोहोरो रट र भ्रमका पोखरीमा परेका
च्याँखे थापी नबस त्यसरी 'दाउ पर्ला' भनेर
तारा चुम्ने सुमन छ भने शीघ्र आऊ खुलेर

गल्तीलाई हर समयमा गर्छ जो ढाकछोप
त्यस्तालाई जहर सरिको अन्त्यमा पर्छ खोप
बुझ्दै आयौं कुन मुलुकमा गर्छ कस्तो विराम
त्यस्तालाई सुमन मनका भन्दछन् 'हो हराम !'

हाने छ्यास्सै बम वचनका ढल्दछन् क्रूर पापी
पापीलाई मस मस मिची केश लुच्छन् प्रतापी
थाङ्ने माङ्ने थितिबिति सबै पोल्दछन् अग्नि बन्दै
बाटो खोल्छन् विमल बटुवा नित्य 'इन्क्लाब' भन्दै

आकांक्षामा घुन र पुतली लाग्न त्यस्ता दिँदैनन्
आँखा चिम्ली डलरपतिको पक्ष जो जो लिँदैनन्
चर्को कोलाहल खलबली क्रान्तिका धार रोक्छन्
पूँजीवाला, जमिनपतिको माथमा वीर ठोक्छन्

कालो पर्दा पहिरन प्रथा दुष्टका जाल झेल
थोत्रा साङ्ला कुवचन कडा हतकडी नेल जेल
झ्यालखानाका जबर र उँचा वार पर्खाल गल्छन्
काला रात्रीसरह बनियाँदार गर्लम्म ढल्छन्

मिच्तै मिच्तै पथ जगतको सिर्जनास्रोत रोक्ने
ज्याला माग्दा मजदुरहरूतर्फ नै जाइलाग्ने
पल्टे देखिन् तल तल परी भ्यागुतातुल्य फुल्ने
हुन्छन् हाम्रा अनि सफलका वल्लरी शान्ति खुल्ने
सिक्छन् मान्छे जति त्यति छिटो ज्ञानसम्पन्न हुन्छन्
धर्तीमा यो जनबल हुने शक्तिसम्पन्न हुन्छन्
जस्तै ठानोस् खल महलको "हुँ सबैमा म बाठो"
राँको वाली सजग दगुरे पातकी खान्छ माटो"

१७

राम्रो बोली वचन रसिलो कानमा पर्छ जत्ति
सङ्घर्षको रमरम नशा रक्तमा रिङ्छ त्यत्ति
आगो जस्तै रगत मुटुको सल्किँदा वीर जाति
बोल्छन् हाँसी 'जय जगतको' लाल झण्डा समाती

## युद्धमा डट्नुपर्छ

"भोग्यौं भोग्ने जति वह व्यथा दुर्दशा भुक्तमान
पुग्छौं हामी अब प्रगतिका प्राप्तिमा मूल्यवान
हाम्रो बस्तीतिर पनि मिठो पारिलो घाम डुल्छ
पन्छे काला कलुष कपटी दिव्य आलोक खुल्छ
ढल्छन् अग्ला महलहरूका दुष्टका दाउपेच
हप्की दप्की, कलुष, कमिला जातिका घोचपेच
गौंडा गल्छी जटिल वनका जाल योद्धा छिचोल्छन्
ठाडा डाँडा डगर विषका झाङ झाडी छिमोल्छन्

छर्छन् चारैतिर कुकुरका भालुका दाँत भाँची
बोली खोली 'जय जगतको' वीर सन्तान नाँची
नाच्दै जाँदा जहर रिपुको पुच्छ पातालतर्फ
लर्को लागे पछि सब जना मुक्तिका कर्मतर्फ

चोखा मान्छे जगत तलका एक भै चल्मलाए
नेपालीका मुटुतिर नयाँ दीप सङ्गीत आए
हुन्छन् जम्मै थरर धमिरा, काइते भारदार
रोई ढल्छन् तब हजुरिया, कामिनी, अन्धकार

चर्चर् हुन्छन् धवल दिनमा जाल-जन्जाल झूट
सुक्छन् जम्मै तब जहरका तालका कालकूट
पर्छन् हाम्रै बस जहरिला कंसका वंश काला
ज्वालादेखिन् लकपक भई टुट्दछन् शूल, भाला

युद्धै गर्दा विपुल भवमा खुल्छ बाटो फराक
गोलीद्वारा गति चहकिला झ्याप्प हुन्नन् चिराग
पाए राम्रो द्युति जगतका ब्यूँझदैछन् किसान
हुन्छन् कर्मी, मजदुर, कलाकार जाज्वल्यमान

माया गर्ने जग-गगनका सिन्धुजस्ता विशाल
छाती पारी धवल हिमका भालजस्तै हिमाल
हेर्ने चारैतिर नजरले पोल्दछन् मेघ जाल
चर्चर् पारी तृणसरि गरी चुँड्दछन् क्रूर जाल

मूसा मर्छन् सलह धमिरा घात गर्न जरामा
आए उम्दा अब सुजनमा गीत बग्दै गलामा
"बाघै आए पनि बगलमा साल झैं अड्नुपर्छ
हौदा कस्तै कलल छविको युद्धमा डट्नुपर्छ"

१८

"कालै आए कति घरघरै डुल्दछन् बाघ ब्वाँसा
डुल्छन् त्यस्ता कति मुलुकको चाहने मुक्ति खासा"
खेले भाषा सलल मनमा उत्रिए लाख लाख
भिल्का देख्ता त्यस जुलुसमा शाव खोल्छन् चलाख

ध्वस्त हुन्छन् खराब

"बल्दो ज्वाला दन दन हुँदा दैत्य हुन्छन् खरानी
कालो गोली, बुट पनि जली हुन्छ धूलै खरानी
गाला चिर्दा रगत चुहिने देशमारा खुनीको
गिर्छन् जस्मै तुजुक कमिला, माकुरा, वैगुनीको
ओठै सुक्छन् कलुष थुतुनो नाक पोलिन्छ कालो
मेघै फाल्ने छवि अरुणले छर्न थाले उज्यालो
'मै हूँ' भन्ने जति गलिसके घोर जाली फटाहा
पुग्छन् नालीतिर डर परी हामफाली लुटाहा
लाए राम्रो मन श्रमिकले उर्वरा भूमिभित्र
माताले झैं फल, बल, कला, काव्य दिन्छिन् पवित्र
इन्साफीले जबर रिपुको कारणी त्यो व्यथाको
थाप्लै फोर्छन् सबल घनले त्यो पुरानो प्रथाको

बन्ने छैनन् पर मुलुकको दास सन्तान राम्रा
बाँझो फोरी कृषक बलिया लाउँछन् अन्न राम्रा
सिञ्ची सिञ्ची रगत पसिना फूल राम्रा उमार्छन्
पैरी बस्ने मुकुट हिउँको देशलाई सुधार्छन्

हाँसी हाँसी 'उठन उठ हे' भन्छ अग्लो हिमाल
बाली आफ्नै सबल दिलको शक्ति ज्वाला विशाल
आफैंमा छन् अनल सरिका क्रान्तिका ज्वारभाटा
सल्केदेखिन् हुरुहुरु स्वयं बोचिने छैन काँटा

तारा जस्तै टहटह सधैं चम्किने जूनतुल्य
शोभाशाली कुसुम, मुटुको रक्त जस्तै अमूल्य
जोगाई या मधुमय कला क्रान्ति ज्वाला जगाई
छर्छौं वास्ना मगमग यहाँ साम्यताका सजाई

हाँगा पोल्दै विषम रूखका अग्नि झोस्दै जरामा
छर्दै राता कुसुमहरूका बीज पाटा, गरामा
लाई पानी मल जल गरे हलहलाएर झुल्छन्
वास्ना छर्ने कुसुम मनका मुस्कुराएर खुल्छन्

धर्ती खुल्छिन् झलमल हुँदा साम्यताका सितारा
सातो लिन्छन् कलुष निशिको जगमगाएर तारा
तारा चम्केपछि छिचिमिरा चोर हुन्छन् हताश
चिन्ता हट्छन् सपुतहरूका पुग्दछन् स्वच्छ आश

लाग्दाखेरिन् भुवनभरि त्यो पूर्ण साम्यत्व घाम
बन्दै हुन्छन् दलित पिंधिने युद्ध काला तमाम
धर्तीबाटै सब पर हुँदै दुःख भाग्छन् अभाव
धर्तीमारा सकल कमिला ध्वस्त हुन्छन् खराब"

१९

"जम्मै जम्मै जब जुलुसमा होमिए जोशसाथ
आफैं हुन्छौं अब कृति कला कर्मद्वारा सनाथ"
दाम्रा धर्ने धनपति खुसी गुन्न थाले नमीठो
आत्मा खोल्छन् विजय "जननी ! क्रान्ति चर्किन्छ मीठो"

## नेपाल आमा !

आधा मानो करु र कनिका पाउँदा बेचिएका
जिङ्ग्राएका गरिब गुरुवा गोरु झैं हेपिएका
ज्यालादारी दलित ब्यूँझिए दुष्ट पर्छन् थलामा
दुष्टात्माका दलबल गले नेल तोडिन्छ आमा !

सिक्री फाली चरचर चुँडी फालिने छन् चुलामा
बग्छन् ताता रगत, पसिना क्रान्तिकारी कुलामा
ज्वाला छुट्छन् फनमल गरी छालका साथ लामा
गल्ने छैनन् विकसित कला क्रान्तिका घाम आमा !

पारी तिम्रो कमर बलियो उच्च छाती फुलाई
खुल्दै आए सबल दिलका छात्र टोली मिलाई
आकांक्षाका लहरहरू छन लम्किने चन्द्रमामा
चुम्दै पुच्छन् नयन रसिला स्नेह राखेर आमा !

लम्के जस्तै असल मनका कार्यकर्ता त्यताका
पारी झण्डा फरर सफा लम्किने छन् यताका
लाग्छन् जम्मै तन र मनले मुक्तिका कामनामा
बत्ती बाल्दा भुसुनु सरिको नाच पोलिन्छ आमा !

राता झण्डा घर र टहरा, गोठमा फर्फराए
छाया पर्छन् तल, वह, व्यथा, घामकातर्फ धाए
झिल्के, मिल्के, मन, मखमली गीत भर्छन् गलामा
धर्ती खुल्छिन् भिर र पहरा सम्मिदाखेरि आमा !

काडो फाँडी जगत दगुरे बन्दछन् सम्म बाटा
पारी ठाडो शिर कृषकले लाउँछन् नेत्र टाठा
पर्ने छैनन् तब अधमका तुच्छ गोडा खलामा
दाइँ गर्छन् कृषकहरूले हर्षका साथ आमा !

पाखा लाएपछि दु:ख दिने सेपिलो बोटलाई
चाँडै हुन्छन् हलल लहरा पुष्प शाखा पलाई
भर्छन् शोभा कुसुम मनका शैलका टाकुरामा
रच्छन् राम्रा मधुर रचनाकार आकार आमा !

ज्यामी, कर्मी, मजदुर, कलाकार, कर्मी, सिकर्मी
शिल्पी, मूर्तिकर, गृह कलाकार, साहित्यकर्मी
गर्छन् चोखा छलफल गरी पूर्ण कर्तव्य आमा !
भर्दै आए सकल जनता चेतना चेत आमा !

मान्छे हेर्छन् रहर धुरिए सत्यताका धुरीमा
आशा पुग्छन् रहर भरिला मुक्तिका माधुरीमा
निःस्वार्थीका मन मिलिसके लोकका भावनामा
पैले जस्तो अवनति हुने, होइने छैन आमा !

उर्जा आए सलल वहँदै पौरखी पाखुरीमा
छर्दै ल्याए किरण झरिला कान्तिका टाकुरीमा
पुग्ने इच्छा रहर भरियो शारदा, सत्यभामा
छोरा छोरी झलमल खुली गर्दछन् मान आमा !

संसारैका दलित ब्यूँझिए लोककल्याणकारी
गर्ने सेवा मन, वचनले, कर्मले क्रान्तिकारी
लाग्छन् जम्मै सहृदय सफा सूर्यको स्वागतैमा
चिन्ता, सुर्ता, वह सब बिदा हुन्छ नेपाल आमा !"

२०

चौतालीमा कवि पनि पुगी गाउँदै झुल्न थाले
बस्ती बस्तीतिर विजयका बाँसुरी वज्न थाले
हावा डुल्छन् रविमय कला, मेघलाई धुल्याई
योद्धा डुल्छन् गगन तलमा क्रान्ति पंखा डुलाई

जन्मी हुर्क्यौं जुन जमिनमा माधुरी दृष्टि पायौं
पानी मीठो पवन रसिलो स्वादिलो घाम पायौं
भाषा पायौं नव नव कला ज्ञान, विज्ञान पायौं
सिङ्गो धर्ती, सकल दुनियाँदारको सृष्टी पायौं

माया राखी त्यस जमिनको अर्चना गर्नुपर्छ
धर्तीबाटै अनुभव गरी सिर्जना गर्नुपर्छ
मान्छे गर्छन् असल सबको मूलको शुद्ध पानी
नेपालीको गुन भुलिदिने बिर्सिने छैन बानी

तातो खोजी निधन निमुखा घामका तर्फ धाए
माता हाँस्छिन् विपुल दिलका वीर सन्तान पाए
ओजस्वीका किरण मनका माझ आएर बस्छन्
रातो बन्दै झलमल हुँदै सूर्यले ज्योति छर्छन्

बत्ती बाली किरण फरिलो चौदिशामा डुलाए
धर्ती हाँस्छिन् बगर बनका माझ पानी पलाए
हँसे होष्टे सब मिलि गरे जेसुकै काम बन्छ
चोखो आत्मा रगत, पसिना अर्पिए देश बन्छ

२०५२।१०।२५



## लेखकका प्रकाशित कृतिहरू

| | | | |
|---|---|---|---|
| १. | वसन्त र विरही | (खण्डकाव्य) | २०३४ |
| २. | प्रियतम | (खण्डकाव्य) | २०३६ |
| ३. | सपनाको सुसेली | (पद्य कविता संग्रह) | २०४० |
| ४. | अमर भावना | (खण्डकाव्य) | २०४१ |
| ५. | परिणाम | (खण्डकाव्य) | २०४२ |
| ६. | विजयश्री | (शोककाव्य) | २०४३ |
| ७. | आत्मबोध | (खण्डकाव्य) | २०४४ |
| ८. | अमर शुक्र | (खण्डकाव्य) | २०४६ |
| ९. | मुक्तिका मुटु | (काव्य) | २०५० |
| १०. | लाली | (खण्डकाव्य) | २०५३ |
| ११. | विजयका बाँसुरी | (प्रस्तुत) | |

१२. स्वदेशका तथा विदेशकासमेत विभिन्न पत्र-पत्रिकामा अनेकौं कविता, कथा र लेखहरू प्रकाशित ।

## अप्रकाशित कृतिहरू

| | | |
|---|---|---|
| १. | खुल्ला पत्र | (कविता संग्रह) |
| २. | कविता | (महाकाव्य) |
| ३. | परिवर्तन | (महाकाव्य) |
| ४. | पुष्पाञ्जलि | (महाकाव्य) |